Vol.03
नेपाली
भिविन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation



2019.09

## अन्तर्राष्ट्रिय सहर ओता फेस्टिबल in "आकाशको दिन"




यो इभेन्टको उद्देश्य अन्तर्राष्ट्रिय आदान-प्रदान हो। यो इभेन्टमा विभिन्न देशको राजदूतावासको बुथमा विभिन्न देशको संस्कृति र खानेकुराको मज्जा लिन सकिनेछ। पारम्पारिक जापानिज संस्कृति अनुभव गर्न सकिने बुथ र क्षेत्रीय विशेष उत्पादनहरूको बिक्री पनि गरिनेछ। यो फेस्टिबलमा जापानिज संस्कृतिको अनुभव त छदैछ, त्यसको साथसाथै विदेशी नागरिकहरूसँग विभिन्न कुराहरूको आदान-प्रदान गरी रमाइलो गर्न सकिन्छ। धेरै भन्दा धेरै व्यक्तिहरू यस फेस्टिबलमा आउनुहुन्छ भन्ने हामीले आशा गरेका छौं। फेस्टिबलको दिन कामाता स्टेसन र ओमोरी स्टेसनबाट फेस्टिबलमा आउने व्यक्तिहरूको लागि विशेष बसको व्यवस्था गरिने हुनाले त्यस बसको प्रयोग गर्नुहोस्। साथै सोही दिन विमानस्थल भित्र पनि इभेन्ट आयोजना गरिनेछ। फेस्टिबल गरिने ठाउँबाट अन्तर्राष्ट्रिय टर्मिनलसम्म उक्त इभेन्टमा जाने व्यक्तिहरूको लागि विशेष बसको व्यवस्था गरिने हुनाले, विमानस्थल भित्रको इभेन्टमा पनि रमाइलो गर्नको लागि आउनुहोस्।

| | |
|---|---|
| कहिले | 2019 साल सेप्टेम्बर 28 तारिख (शनिबार) 10:00am - 4:00pm |
| कहाँ | हानेदा विमानस्थल, पुरानो मर्मतस्थान भएको क्षेत्र (हानेदा विमानस्थल 1-5)<br>केइक्यु रेलवे "तेन्कुबासी स्टेसन" बाट हिँडेर 5 मिनेट |
| कति जना | 2018 सालको यस फेस्टिबलमा 20,000 जना आएका थिए |
| सम्पर्क | ☎ 03-5744-1322<br>FAX 03-5744-1323<br>E-mail kanko@city.ota.tokyo.jp<br>URL https://www.city.ota.tokyo.jp/event/event_kankou/ota-festival-in-soranohi_2019.html |



## "अन्तर्राष्ट्रिय आदान-प्रदान क्याफे" आयोजना गरिन्छ




अन्तर्राष्ट्रिय सहर ओता फेस्टिबल in "आकाशको दिन" हानेदा 2019 मा "अन्तर्राष्ट्रिय आदान-प्रदान क्याफे" हुनेछ। विभिन्न देशका आदान-प्रदान नागरिकहरूसँग कुराकानी गर्न चाहनुहुन्छ? उनीहरूको देशको भाषा वा अभिवादन, संस्कृतिको बारेमा सोधेर हेरौं। निशुल्क ग्रिन-टीको व्यवस्था गरी, हामी तपाईंहरूलाई पर्खनेछौं।

| | |
|---|---|
| कहिले | 2019 साल सेप्टेम्बर 28 तारिख (शनिबार) 10:00am - 4:00pm |
| कहाँ | ओता सहर, हानेदा कुको 1-5 विशेष कार्यक्रम स्थल |
| शुल्क | निशुल्क |
| आवेदन दिने तरिका | फेस्टिबलको दिन सिधै कार्यक्रमस्थलमा आउनुहोस्। पहिले आउने व्यक्तिको क्रममा बस्न सकिनेछ। |
| सम्पर्क | (सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ<br>☎ 03-6410-7981 FAX 03-6410-7982<br>E-mail info@ota-goca.or.jp<br>URL https://www.ota-goca.or.jp/ |



## 9औ इचुचुनोवा-फुरेआइ माचुरी

यो ओमोरी क्षेत्रको टोल समिति महासंघद्वारा आयोजन तथा सञ्चालन गरिने क्षेत्रीय माचुरी हो।
तयार गरिएको बुथमा ससेज र ओसिरुको आदिको बिक्री र बालबालिका कर्नरमा मिनीट्रेन, ट्रयाम्पोलिन आदिको पनि व्यवस्था गरिने योजना छ। साथै स्वास्थ्य तथा नर्सिङको बारेमा परामर्श लिन सकिने कर्नर पनि राखिने योजना छ।





**कहिले**

2019 साल अक्टोबर 27 तारिख (आइतबार) 10:00am - 3:00pm (सिमसिम पानी परे पनि यो कार्यक्रम हुनेछ)

**कहाँ**

ओमोरी-हिगासी तोकुबेचु स्युच्च्योस्यो छेउको तामोकुतेकी हिरोबा, ओमोरी-हिगासी तोकुबेचु स्युच्च्योस्यो, मोरिगासाकी कोउचु कोउएन, ओमोर-मिनामी होज्यो

सम्पर्क

**ओमोरी-हिगासी तोकुबेचु स्युच्च्योस्यो**
**☎ 03-3741-8801 FAX 03-3741-8552**
**E-mail omorih@city.ota.tokyo.jp**

## दोस्रो इचुचुनोवा क्लिन दाइसाकुसेन

यो ओमोरी क्षेत्रको टोल समिति महासंघद्वारा आयोजन तथा सञ्चालन गरिने क्षेत्रीय सरसफाइ प्रतियोगिता हो।
ओमोरी क्षेत्रको वातावरणीय सुन्दरतालाई अघि बढाउने उद्देश्यले, टिमहरू बिच कसले तोकिएको समय भित्र सबैभन्दा बढी फोहोर (तौलको आधारमा) टिप्न सक्छ भनेर प्रतिस्पर्धा गरिन्छ। उच्च स्थानमा पर्न सफल टिमहरूलाई पुरस्कार प्रदान गरिन्छ। साथै भाग लिने व्यक्तिहरूको लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ। धेरै फोहोर टिपेर सहरलाई सफा बनाऔं!

**कहिले**

2019 साल अक्टोबर 20 तारिख (आइतबार) 9:30am - 11:30am (सिमसिम पानी परेपनि कार्यक्रम हुनेछ) *पानी परेमा केही कार्यक्रमहरू रद्द हुनेछ

**कहाँ**

ओमोरी-हिगासी इलाका (विस्तृत जानकारी कार्यक्रमको दिन प्रदान गरिनेछ)

**शुल्क**

निशुल्क

**कति जना**

20 टिम (एउटा टिममा 3 - 5 जना)

**आवेदन दिने तरिका**

आवेदन फाराममा आवश्यक विवरणहरू लेखी, निम्न ठेगानामा E-mail, FAX, वा हुलाक आदि मार्फत पठाउनुहोस्। (आवेदन फाराम ओमोरी-हिगासी तोकुबेचु स्युच्च्योस्योमा वितरण गरिनुको साथसाथै ओता सहरको होमपेजबाट पनि डाउनलोड गर्न सकिन्छ।)

सम्पर्क

**ओमोरी-हिगासी तोकुबेचु स्युच्च्योस्यो (〒143-0013 ओता सहर, ओमोरी-मिनामी 4-9-1)**
**☎ 03-3741-8801 FAX 03-3741-8552**
**E-mail omorih@city.ota.tokyo.jp**

## 8औ फुरेआइ माचुरी हानेदा र हागिनाका

यो माचुरी टोल समिति, टोल संघ, क्षेत्रीय कम्पनीहरु, स्योतेनगाइ (बजारका पसलहरू) जस्ता विभिन्न संघसंस्थाहरू एकजुट भई आयोजना गरिने क्षेत्रीय माचुरी हो। यो माचुरीमा आवाओदोरी र एइसा आदिको स्टेज इभेन्टका साथसाथै सधैं झै वाताआमे, याकिसोबा लगायतका स्योतेनगाइको स्तेक, पश्चिमी मिठाइ आदिको थरीथरीका बुथहरूमा लहरै राखिनेछ। साथै पहिले हानेदा विमानस्थल भएको ठाउँको व्यवसायको बारेमा प्रचार गरिन्छ। सबैजना नबिर्सीकन घुम्न आउनुहोस्।

### कहिले

2019 साल अक्टोबर 20 तारिख (आइतबार)

10:00am - 2:00pm (स्टल आदिमा 11:00am देखि बिक्री सुरु हुनेछ)

### कहाँ

हागिनाका कोउएन स्योनेन याक्युज्यो (ओता सहर, हागिनाका 3-26-46)




सम्पर्क

**हानेदा तोकुबेचु स्युच्च्योस्यो**

**☎ 03-3742-1411  FAX 03-3742-1502**

**E-mail  haneda@city.ota.tokyo.jp**


## ठूलो भूकम्पमा चोटपटक लागेमा प्राथमिक उपचार केन्द्रमा जाऔं

ठूलो भूकम्प गयो भने, लगभग 72 घण्टा अस्पताल परिसर आदिमा प्राथमिक उपचार केन्द्र राखिनेछ।

### कहिले

कहिले: ओता सहरमा भूकम्पीय तीव्रता गुणाङ्क (सिन्दो) 6 तल्लो वा सोभन्दा बढीको भूकम्प आएको बेला

### Sino

कसको लागि: चोटपटक लागेका व्यक्तिहरू जसले चिकित्सकलाई देखाई, उपचार गराउन चाहन्छन्

### कहाँ

कुन ठाउँमा: निम्न ओता सहरमा रहेको अस्पताल अथवा विद्यालयहरूमा

#### आपत्कालिन चिकित्सा प्राथमिक उपचार केन्द्रहरू (16 ठाउँहरूमा)

- ओता अस्पताल (ओमोरी-हिगासी 4-4-14)
- टोक्यो रोसाइअस्पताल (ओमोरी-मिनामी 4-13-21)
- तोहो दाइगाकु इर्‍यो सेन्टर ओमोरी अस्पताल (ओमोरी-निसी 6-11-1)
- यासुदा अस्पताल (ओमोरी-किता 1-11-18)
- माकिता सोगो अस्पताल (ओमोरी-किता 1-34-6)
- माचुइ अस्पताल (इकेगामी 2-7-10)
- इकेगामी सोगो अस्पताल (इकेगामी 6-1-19)
- ओमोरी सेकिज्युजी अस्पताल (च्युओ 4-30-1)
- देनएन च्योफु च्युओ अस्पताल (देनएन च्योफु 2-43-1)
- एबारा अस्पताल (हिगासी युकिगाया 4-5-10)
- तोक्यु अस्पताल (किता-सेन्जोकु 3-27-2)
- मेकामा अस्पताल (सिमोमारुको 3-23-3)
- होन्दा अस्पताल (हिगासी-यागुची 1-17-15)
- टोक्यो कामाता अस्पताल (निसी-कामाता 7-10-1)
- JCHO टोक्यो कामाता इर्‍यो सेन्टर (मिनामी-कामाता 2-19-2)
- वातानाबे अस्पताल (हानेदा 1-5-16)

#### सामान्य चोटपटक लागेका व्यक्तिहरूको लागि प्राथमिक उपचार केन्द्र (3 ठाउँहरू)

- मागोमे प्राथमिक विद्यालय (मिनामी-मागोमे 1-34-1)
- हिगासी च्योफु निम्न माध्यमिक विद्यालय (देनएन च्योफु-मिनामी 29-15)
- रोकुगो निम्न माध्यमिक विद्यालय (रोकुगो 3-11-11)

### शुल्क

0 येन

### कहिलेसम्म

भूकम्प आए पछिको लगभग 72 घण्टा


सम्पर्क

**स्वास्थ्य प्रवर्दन तथा चिकित्सा नीति शाखा, क्षेत्रीय चिकित्सा नीति जिम्मेवार कर्मचारी**

**☎ 03-5744-1264  FAX 03-5744-1523**

# “जापानी भाषामा वक्तृत्वकला” प्रतियोगितामा भाग लिन चाहने व्यक्तिले आवेदन दिनुहोस्




सम्पूर्ण विदेशी नागरिकहरूको लागि। के तपाईं ओता सहरमा बसोबास गरेर महसुस भएका कुराहरू, जापान र आफ्नो देशको भिन्नता आदि बारे जापानी भाषामा प्रस्तुत गर्न चहानुहुन्छ? यो अवसरमा तपाईंले जापानी भाषा प्रयोग गरी आफ्नो विचार धेरै मान्छेहरूको अगाडि प्रस्तुत गर्न सक्नुहुनेछ। यो प्रतियोगितामा भाग लिन नबिर्सनुहोला। विस्तृत जानकारीको लागि HP हेर्नुहोस्।

| | | | |
|---|---|---|---|
| कहिले | 2019 साल डिसेम्बर 1 तारिख (आइतबार) 1:00pm - 4:00pm | कहाँ | ओता कुमिन हल, आप्रिको तेन्जीसिचु, (ओता सहर, कामाता 5-37-3) |

| | |
|---|---|
| कति जना | 15 जना जति (ओता सहरमा बसोबास, काम वा अध्ययन गर्नुका साथसाथै जापानी भाषा बाहेक अन्य भाषाहरू मातृभाषा भएका व्यक्तिहरूले भाग लिन सक्नेछन्।) |
| आवेदन दिने तरिका | संघको HP बाट आवेदन दिने। आवेदन फाराम लिएर आउने, हुलाक, FAX वा E-mail मा पठाउने। सेप्टेम्बर 30 तारिख (सोमबार) सम्ममा आवेदन दिनुपर्ने। धेरैले आवेदन दिएको खण्डमा गोलाप्रथा गरिनेछ। आवेदन फाराम HP बाट डाउनलोड गर्न पनि सकिन्छ। |
| सम्पर्क | (सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ<br>☎ 03-6410-7981 FAX 03-6410-7982<br>E-mail info@ota-goca.or.jp<br>URL https://www.ota-goca.or.jp/ |



# जापानी भाषा क्लास “विद्यालयबाट पठाइएका कागजात पढौं”



यो जापानी भाषाको क्लासमा विद्यालयबाट पठाइने कागजात पढ्न सक्षम हुनको लागि जापानी भाषा पढाइन्छ। प्राथमिक विद्यालयको “गाकुनेन-दायोरी ” र “विद्यालय गतिविधि सम्बन्धी सूचना” लाई पढ्ने सामग्रीको रूपमा प्रयोग गरी, विद्यालयमा प्रयोग गरिने शब्दको पढ्ने तरिका, अर्थ र महत्त्वपूर्ण भाग पत्ता लगाउने तरिका सिकाइन्छ। जापानको विद्यालयमा गरिने कुराहरू र विद्यालयको गतिविधि बारे पनि जान्न सकिने हुनाले, निकट भविष्यमा प्राथमिक विद्यालयमा जाने बालबालिका भएका अभिभावकहरूले नछुटाईकन भाग लिनुहोस्।

| | |
|---|---|
| कहिले | 2019 साल अक्टोबर 21 तारिख, 28 तारिख, नोभेम्बर 11 तारिख, 18 तारिख, 25 तारिख (सोमबार) 10:00am - 12:00am (कुल 5 पटक) |
| कहाँ | अन्तर्राष्ट्रिय सहर ओता संघको मिटिङ रुम (ओता सहर सान्नो 2-3-7 ओमोरी माचिजुकुरी सुइसिन सिसेचु) |
| कति जना | 15 जना (पहिले आउनेलाई प्राथमिकता दिइनेछ)<br>ओता सहरमा बसोबास गर्ने विदेशी अभिभावक। हिरागाना, काताकाना पढ्न सक्ने व्यक्ति। जापानी भाषामा कुराकानी गर्न सक्ने व्यक्ति। |
| शिशु हेरचाह | “किड्स रुम ओमोरी” को शिशु हेरचाहकक्षमा केही समयको लागि शिशुको हेरचाह गरिन्छ। 5 जना (पहिले आउनेलाई प्राथमिकता दिइनेछ), 1 वर्ष वा सोभन्दा बढीको स्कूल भर्ना नभएको शिशु। विस्तृत जानकारीको लागि सम्पर्क गर्नुहोस्। |
| शुल्क | निशुल्क |
| आवेदन दिने तरिका | संघको HP मा राखिएको आवेदन फारामद्वारा आवेदन दिनुहोस्। अथवा पर्चाको पछाडि भएको आवेदन फाराम FAX गर्ने, लिएर जाने वा E-mail मा पठाउनुहोस्। आवेदन फाराम HP बाट डाउनलोड गर्न सकिन्छ। |
| सम्पर्क | (सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ<br>☎ 03-6410-7981 FAX 03-6410-7982<br>E-mail info@ota-goca.or.jp<br>URL https://www.ota-goca.or.jp/ |

# बहुसांस्कृतिक आदान-प्रदान कार्यक्रम “जापान-डे”

**○जापानिज पारम्पारिक संस्कृति अनुभव**
・सादो ・तातामी वर्कसप ・एतेगामी ・बोनकेइ ・जापानको खेलहरू
**○भूकम्प अनुभव (विपद् रोकथाम तालिम)**



विदेशी नागरिकलाई जापानिज संस्कृति अनुभव गराउने उद्देश्यले बहुसांस्कृतिक आदान-प्रदान कार्यक्रम “जापान-डे” को आयोजना गरिन्छ। यो आर्थिक वर्ष “कामाता अन्तर्राष्ट्रिय फेस्टिबल 2019” को एक कार्यक्रमको रूपमा जापान-डे बुथ राखिनुका साथसाथै ओता सहरमा बसोबास गर्ने विदेशी नागरिक र जापानी बासिन्दा बिचको आदान-प्रदान प्रवर्धनको उद्देश्यले अन्तर्राष्ट्रिय सहर ओताको राजदूत र अन्तर्राष्ट्रिय आदान-प्रदान स्वयंसेवकको सहयोगमा आफू जन्मेको देशको परिचय गराउन लगाइन्छ।

| | |
|---|---|
| कहिले | 2019 साल अक्टोबर 26 तारिख (शनिबार)<br>11:30am - 2:30pm सिमसिम पानी परेपनि कार्यक्रम हुनेछ, मौसम खराब भएमा रद्द गरिनेछ |
| कहाँ | निहोन कोगाकुइन कामाता क्याम्पस (ओता सहर, निसी-कामाता 5-23-22) |
| शुल्क | केही जापानिज संस्कृति अनुभवमा भाग लिनको लागि शुल्क लाग्नेछ। |
| कसले भाग लिन सक्छ | मुख्यतया ओता सहर भित्र बसोबास गर्ने विदेशी नागरिक। ओता सहरमा बसोबास गर्ने जापानी नागरिकहरूले पनि भाग लिन सक्नेछन्। |
| आवेदन दिने तरिका | HP बाट आवेदन दिने। अथवा आवेदन फाराम FAX गर्ने वा सम्बन्धित डेस्कमा बुझाउने। धेरैले आवेदन दिएको खण्डमा, गोलाप्रथा गरिनेछ। अक्टोबर 15 तारिखसम्ममा सबैलाई नतिजा सूचित गराइनेछ।<br>आवेदन दिने अवधि: अगस्ट 21 तारिख (बुधबार) - अक्टोबर 2 तारिख (बुधबार) |
| सम्पर्क | (सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ<br>☎ 03-6410-7981 FAX 03-6410-7982<br>E-mail mail@ota-goca.or.jp<br>URL https://www.ota-goca.or.jp/ |



**आर्थिक वर्ष 2019 देखि अन्तर्राष्ट्रिय सहर ओता संघले “Ota City Navigation” प्रकाशन गर्नेछ।**
प्रकाशन (सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघन
〒143-0023 ओता वडा, सान्नो 2-3-7 ओमोरी सहर निर्माण प्रवर्द्धन सुविधा 4F
☎ 03-6410-7981 FAX 03-6410-7982 URL https://www.ota-goca.or.jp/

इमेल मार्फत तपाईंको राय वा आफूलाई लागेको कुरा पठाउनुहोस्।
**E-mail info@ota-goca.or.jp**